# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.स.: २०७८/०७९
च.नं.:

मितिः २०७८/११/०१

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने वारेको सूचना !

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को दफा १८, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६, रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आगामी **आर्थिक वर्ष २०७९/०८०** मा यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक १८ देखी ५९ उमेर सम्मका बेरोजगार व्यक्तिहरुले **२०७८ फाल्गुन मसान्त सम्ममा** आफू स्थाई बसोवास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को अनुसूची १ (संसोधित निवेदन) बमोजिम बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदन फारम वडा कार्यालय, बेनी नगरपालिकाको वेवसाईट www.benimun.gov.np तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np वाट प्राप्त गर्न सकिनेछ । साथै निवेदन साथ तपशिलका विवरणहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

**तपशिलः**

१. निवेदकको हाल सालै खिचेको PP size को फोटो १ प्रति ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (निवेदक र नागरिकता प्राप्त गरेका परिवारका सदस्यहरुको) यदी नागरिकतामा फरक स्थायी ठेगाना भएमा बसाईसराई, विवाह दर्ताको प्रतिलिपि ।
३. एकै परिवारका २ वा सो भन्दा वढी निवेदक भएमा छुट्टाछुट्टै निवेदन दिनुपर्नेछ, फारममा उल्लेखित पारिवारिक विवरण, पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा कोष वा अन्य सुरक्षा कोषवाट आर्थिक सुविधा लिइरहेको / नरहेको उल्लेख हुनुपर्नेछ ।
४. गत आ.व. हरुमा निवेदन दिएका व्यक्तिहरुले पुनः रितपुर्वक निवेदन दिनुपर्नेछ।
५. रितपुर्वक विवरण नभरिएका कागजात नपुगेका र वडावाट प्रमाणित नभएका निवेदन EMIS मा सुचिकृत हुने छैनन् ।

*थप जानकारीका लागि सम्वन्धित वडा कार्यालय वा बेनी नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२० फ्याक्स नं. ०६९-५२१०९५ वेबसाइटः www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुक:www.facebook.com/beninagarpalika